# धितोपत्र बजार सञ्चालन (दोस्रो संशोधन) नियमावली, २०७९

धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "धितोपत्र बजार सञ्चालन (दोस्रो संशोधन) नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ नियम ११ मा संशोधनः- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ११ कोः-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) धितोपत्र बजारको चुक्ता पूँजी कम्तीमा तीन अर्व रुपैयाँ हुनुपर्नेछ ।"

(२) उपनियम (१) पछि देहायको उपनियम (१क.) थपिएको छः-

"(१क.) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ हुँदाका बखत संचालनमा रहेको धितोपत्र बजार लाई चुक्ता पूँजी तीन अर्व पुर्याउन अनिवार्य हुने छैन ।"

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

(३) धितोपत्र बजारले कारोबार संचालन गरेको दुई बर्ष भित्र आफ्नो जारी पूँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणका लागि प्रारम्भिक सार्वजनिक निष्काशन गर्नु पर्नेछ ।

तर यो नियम प्रारम्भ हुँदाका बखत संचालनमा रहेको धितोपत्र बजारलाई यो व्यवस्था लागु हुने छैन।

३. मूल नियमावलीको नियम १२ मा संशोधनः- मूल नियमावलीको नियम १२ कोः-

(१) उपनियम (१), (२) र (६) को सट्टा देहायको उपनियम (१), (२) र (६) राखिएका छन्:-

"(१) कानुन बमोजिम स्थापना भएको प्राइभेट कम्पनी वा संगठित संस्थाले मात्र धितोपत्र बजारको संस्थापक शेयर ग्रहण गर्न सक्नेछ ।

(२) कुनै एक कम्पनी वा संगठित संस्था वा त्यस्ता संस्थाको संचालक वा शेयरधनी र निजका नजिकको नातेदार रहेका कम्पनीले धितोपत्र बजारको कूल शेयर पूँजीको पन्ध्र प्रतिशत भन्दा बढी अंश ग्रहण गर्न पाउने छैन ।

स्पष्टीकरण: "नजिकको नातेदार" भन्नाले एकाघरको परिवार वा सासु, ससुरा, दाजु, भाई, दिदी, बहिनी, भाउजु, बुहारी, साला, साली, भिनाजु, काका, काकी, मामा, माइजु, नाति, नातिनी, नातिनी बुहारी, भान्जा, भान्जी, फुपु, फुपाजु, भतिजा, भतिजी, भदा, भदै तथा ति नाताहरुको श्रीमान, श्रीमती, छोरा बुहारी वा छोरी ज्वाईं समेतको नातेदार सम्झनु पर्छ ।

(६) नेपाल बाहेक अन्य मुलुकमा धितोपत्र वजार संचालन गरिरहेको कम्पनी वा संगठित संस्थाले धितोपत्र बजारको स्वामित्व ग्रहण गर्ने भएमा सम्वन्धित मुलुकको नियमनकारी निकायबाट धितोपत्र वजार सञ्चालन गर्ने अनुमति प्राप्त गरी विगत दश वर्ष देखि धितोपत्र वजार सञ्चालन गरिरहेको तथा प्रचलित कानून बमोजिम नेपालमा लगानी वा व्यवसाय गर्न अनुमति प्राप्त गरेको वा नेपाल सरकारले स्वीकृती दिएको हुनु पर्नेछ ।"

४. <u>मूल नियमावलीको नियम १३ मा संशोधन:</u>- मूल नियमावलीको को नियम १३ को खण्ड (घ) पछि देहायको खण्ड (ङ), (च), (छ), (ज) र (झ) थप गरिएका छन्:-

"(ङ) कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनी कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको वा कालो सूचीबाट हटेको कम्तीमा ६ महिना पुरा नभएको,

(च) कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनीले बोर्ड वा कुनै नियमनकारी निकायबाट कारवाहीमा परेको ६ महिना पुरा नभएको,

(छ) कम्पनी वा संगठित संस्थाको कुनै शेयरधनी बैंकिङ्ग कसूर, जालसाजी वा ठगी, भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण तथा नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कैद सजाँय पाई त्यस्तो कैद सजाँय भुक्तान भएको तीन वर्ष पुरा नभएको ।

(ज) धितोपत्र व्यवसायी ।"

५. <u>मूल नियमावलीको नियम १६ मा संशोधन:-</u> मूल नियमावलीको को नियम १६ को सट्टा देहायको नियम १६ राखिएकोछ :-

"१६. <u>संचालकको योग्यता:</u> धितोपत्र बजारको संचालकको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-

(क) धितोपत्र बजारको कम्तीमा दुई तिहाइ संचालक अर्थशास्त्र, वाणिज्यशास्त्र, वित्तशास्त्र, व्यवस्थापन, सूचना प्रविधि वा वाणिज्य कानून विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा

सचिव (राजस्व)

स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधी हासिल गरी पूँजी बजार वा उद्योग वा बाणिज्य वा वित्त वा लेखा वा कानून वा व्यवस्थापनका सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको,

(ख) नेपाल सरकारले स्वीकृती दिएकोमा बाहेक नेपाली नागरिक भएको ।"

६. मूल नियमावलीमा नियम १६क. थपः- मूल नियमावलीको को नियम १६ पछि देहायको निजम १६क. थप गरिएकोछः-

"१६क. कार्यकारी प्रमुखको योग्यताः धितोपत्र वजारको कार्यकारी प्रमुखको योग्यता देहाय बमोजिम हुनुपर्नेछः

(क) धितोपत्र बजारको कार्यकारी प्रमुख अर्थशास्त्र, वाणिज्य शास्त्र, वित्तशास्त्र, व्यवस्थापन, सूचना प्रविधि वा वाणिज्य कानून बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको उपाधी हासिल गरी पूँजी बजार वा वित्तीय क्षेत्र वा व्यवस्थापन सम्बन्धी कार्यमा कम्तीमा सात वर्ष उच्च व्यवस्थापकीय तहमा काम गरेको अनुभव सहित कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव भएको,

स्पष्टिकरणः यस नियमको प्रयोजनको लागि उच्च व्यवस्थापकीय तह भन्नाले नेपाल सरकारको अधिकृत स्तरको कम्तीमा प्रथम श्रेणी वा सो सरह वा कम्पनी वा संगठित संस्थाको हकमा कार्यकारी प्रमुख वा सो को दुई तह मातहत सम्मको व्यवस्थापकीय नेतृत्वमा रहेको व्यक्ति सम्झनु पर्दछ ।

(ख) नेपाल सरकारले स्वीकृती दिएकोमा बाहेक नेपाली नागरिक भएको ।"

७. मूल नियमावलीको नियम १७ मा संशोधनः- मूल नियमावलीको को नियम १७ कोः-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनी कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको वा कालो सूचीबाट हटेको कम्तीमा ६ महिना पुरा नभएको,"

(२) खण्ड (ज) पछि देहायको खण्ड (झ) र (ञ) थपिएका छन्ः

"(झ) कम्पनी वा संगठित संस्था वा त्यस्तो कम्पनी वा संगठित संस्थाको शेयरधनी बोर्ड वा अन्य कुनै नियमनकारी निकायबाट कारवाहीमा परेको छ महिना पुरा नभएको,

(ञ) कुनै धितोपत्र व्यवसायी संस्थामा लाभको पदमा रहेको ।"

सचिव (राजस्व)

८. मूल नियमावलीमा नियम २२क., २२ख. र २२ग. थप:- मूल नियमावलीको को नियम २२ पछि देहायको नियम २२क. २२ख. तथा २२ग थपिएका छन् :-

"२२क. धितोपत्र बजारमा सूचीकरण गर्नु पर्ने: धितोपत्र निष्काशन गर्ने संगठित संस्थाले धितोपत्र कारोवारका लागि यस नियमावली बमोजिम स्थापना भई संचालनमा रहेका धितोपत्र बजारमा धितोपत्रको सूचीकरण गराउनु पर्नेछ ।"

२२ख. कारोवार प्रणाली सम्वन्धमा: धितोपत्र वजारले धितोपत्र कारोवारको लागि कारोवार प्रणाली र सो संग सम्वन्धित अन्य प्रविधि खरिद वा जडान गर्दा त्यस्तो कारोवार प्रणाली तथा प्रविधि नेपाल बाहेक अन्य मुलुकमा न्यूनतम दश वर्षदेखि निरन्तर संचालनमा रहेको कम्तीमा तीन वटा धितोपत्र बजार सञ्चालनले प्रयोग गरेको प्रणाली वा प्रविधि हुनु पर्नेछ ।

तर यो नियम प्रारम्भ हुँदाका बखत संचालनमा रहेको धितोपत्र बजारले बोर्डले तोकेबमोजिमको समयावधी भित्र त्यस्तो कारोवार प्रणाली तथा प्रविधि लागु गर्नुपर्नेछ ।

२२ग. कारोवार प्रणाली तथा प्रविधिका लागि सहकार्य गर्न सक्ने: धितोपत्र वजारले धितोपत्र कारोवारको लागि आवश्यक कारोवार प्रणाली र सो संग सम्वन्धित अन्य प्रविधिका सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरको ख्यातिप्राप्त धितोपत्र बजारसंग कारोवार प्रणाली एवं सूचना प्रविधिका सम्बन्धमा आवश्यक सहकार्य गर्न एवं प्राविधिक सहयोग लिन सक्नेछ ।

तर यस्तो सहकार्य गर्दा वा सहयोग लिंदा नेपाल सरकारको सहमति बिना धितोपत्र बजारको कारोवार प्रणालीको सर्भर, डाटा होस्टिङ्ग विदेशमा राख्न पाईने छैन ।"

९. मूल नियमावलीमा नियम २९क. थप:

(१) मूल नियमावलीको नियम २९ पछि देहायको नियम २९क.थपिएको छ:-

"२९क. जनशक्ति व्यवस्थापन सम्वन्धमा: (१) धितोपत्र बजार संचालनको लागि आवश्यक पर्ने कारोवार प्रणाली वा प्रविधि सम्बन्धी व्यवस्थाका लागि बजारले सूचना प्रविधि प्रमुख सहित आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्नेछ ।

(२) यस नियमावली बमोजिम धितोपत्र संचालन गर्न चाहने कम्पनी वा संगठित संस्थाले आफ्नो उद्देश्य अनुरुपको कार्य संचालन गर्नुअघि मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य कानुन वा ब्यवस्थापन विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण गरेको व्यक्तिलाई कम्पनी वा संगठित संस्थाको नियम पालना अधिकृतको रुपमा तोकी बोर्डलाई जानकारी दिनु पर्नेछ ।

सचिव (राजस्व)

(३) उपनियम (२) बमोजिम तोकिएको नियम पालना अधिकृतले धितोपत्रसम्बन्धी ऐन तथा ऐनअन्तरगत बनेका नियम तथा सम्पत्ती शुद्धीकरण सम्वन्धी प्रचलित कानुन पालनाको अनुगमन गर्नु पर्ने छ ।

(४) उपनियम (३) बमोजिम अनुगमन गर्दा ऐन, नियम तथा शुद्धीकरण सम्वन्धी प्रचलित कानुनको पालना नभएको पाइएमा बोर्ड तथा आफ्नो कार्यकारी प्रमुख वा संचालक समितिलाई अविलम्ब जानकारी गराउनुपर्ने छ ।"